☎ ०४४-५५०६७५

नेपाल सरकार

# बर्दिवास नगरपालिका कार्यालय

बर्दिवास, महोत्तरी

पत्र संख्या :०७३।०७४
च.नं :-४६२१

मिति : २०७३।१०।१४

विषय:- सरकारी रुख हटाउने सम्वन्धमा ।

श्री डिभिजन सडक कार्यालय,
मुजेलिया, जनकपुर ।

उपर्युक्त सम्वन्धमा त्यस डिभिजन सडक कार्यालयको सडक क्षेत्राधिकार भित्र पर्ने यस नगरपालिका क्षेत्रको पूर्व पश्चिम राजमार्गको रातु पूल देखि भब्सी पूल सम्म र जलेश्वर-औरही-बर्दिवास सडक योजनाको मसानघट्टा देखि बर्दिवासको औरही (भोला बसन्त) चौंक सम्म सडकको दायाँ वायाँ बृक्षारोपण गरिएका मसला लगायत अन्य जातका रुखहरु ठुला ठुला भई समय समयमा हावाहुरीका कारण ढल्ने गरेका कारणले जनधनको क्षति हुने गरेको र हुन सक्ने कारणले हटाई दिन पटक पटक स्थानीय जनताहरुबाट यस नगरपालिका कार्यालयमा अनुरोध तथा क्षतिपूर्ति माग भई आउने गरेको र पटक पटक सो क्षेत्रका रुखहरु ढली जनधनको क्षति हुने गरेको, रुखहरु चोरी कटानी भई राजस्व समेत नोक्सानी हुने गरेको हुदा नियमानुसार रुख हटाई दिई धनजनको क्षति हुनबाट बचाई नगरलाई सहयोग गरी दिन पुनः हुन अनुरोध छ।

बोधार्थ:-

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री सडक विभाग, बबरमहल, काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालय, महोत्तरी ।
श्री जिल्ला विकास समितिको कार्यालय, महोत्तरी ।
श्री जिल्ला वन कार्यालय,महोत्तरी ।
श्री एकिकृत सेवा केन्द्र, बर्दिवास, महोत्तरी ।
श्री माईस्थान सेक्टर वन कार्यालय, माईस्थान, महोत्तरी ।
श्री ईलाका वन कार्यालय, बर्दिवास, महोत्तरी ।

राम कुमार कार्की
कार्यकारी अधिकृत